घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३) जोमसोम, असार २४ गते, २०७९ साल (संख्या : ६)

## भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ क्रो दफा १०२ बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ

**घरपझोङ गाउँपालिकाको घर, जग्गा,भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

घरपझोङ गाउँपालिकाको घर, जग्गा,भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम "घरपझोङ गाउँपालिकाको घर, जग्गा,भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०७९" रहेको छ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ।

२. कार्यविधिको दफा ५ को खण्ड क) को सट्टा देहायको खण्ड क) राखिएको छ।

क) घर, भवन, जग्गा, कोठा तथा टहरा भाडाको सम्झौता अवधि सम्झौता भएको मितिले बढीमा १० वर्षको हुनेछ। भाडा दर सिफारिस समिति वा सम्झौता पत्रमा उल्लेख भए अनुसार प्रत्येक २/२ वर्षमा भाडादर कायम हुनेछ।

आज्ञाले,
गौरी प्रसाद आचार्य
घरपझोङ गाउँ कार्यपालिकाको
प्रमुख प्रशासकिय अधिकृत
मिति :२०७९/०३/२४